आर्थिक वर्ष२०७४/२०७५ को

# राजश्व परामर्श समितीको

# प्रतिवेदन

## सिरीजङ्घा गाउँपालिका

ताप्लेजुङ जिल्ला

१ नं. प्रदेश

# राजश्व परामर्श समितीका पदाधिकारीहरु

| | |
|---|---|
| १. सिरीजङ्घा गाउँपालिकाका उपाध्यक्ष श्री ज्ञानमाया चौहान | संयोजक |
| २. कार्यकारी अधिकृत श्री प्रसन्नदीप राई | सदस्य |
| ३. कार्यपालिका सदस्य श्री लिलादेवी गुरुङ | सदस्य |
| ४. कार्यपालिका सदस्य श्री नयाँनाथ तिवारी | सदस्य |
| ५. उद्योग तथा वाणिज्य संघ प्रतिनिधी श्री भवानी प्रसाद दाहाल | सदस्य |
| ६. योजना शाखा प्रमुख श्री राजेन्द्र भण्डारी | सदस्य सचिव |

# भुमिका

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ अनुसार यस सिरीजङ्घा गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७४/०७५ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको सम्बन्धमा नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रही गाउँपालिकाको कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजश्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजशवको अनुमान गर्ने प्रयोजनको लागि गठित यस राजश्व परामर्श समिती यहि मिति २०७४।०४।१८ गते सिरीजङ्घा गाउँपालिकाको पहिलो कार्यपालिकाको बैठक निर्णयानुसार यो समितीको गठन भएको हो।

आगामी आ.व. २०७४/०७५ को लागि पेश हुन गईरहेको यस सिरीजङ्घा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम र आर्थिक विधेयकमा समावेश गरिनुपर्ने राजश्व परामर्श सम्बन्धी विषयहरु सुझाव दिने हेतुले यो प्रतिवेदन तयार पारिएको हो। यस प्रतिवेदनले सिरिजङ्घा गाउँपालिकाको दिगो आर्थिक विकासका लागि सहयोग पु-याउने छ भन्ने विश्वास लिएको छु।

यस प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने तथा अमुल्य सल्लाह सुझाव र विचार प्रदान गर्नुहुने श्रीमान अध्यक्षज्यु, यस समितीका सदस्यहरु तथा अन्य सबै सरोकारवालाहरुलाई विशष धन्यवाद दिन चाहन्छु।

ज्ञानमाया चौहान
संयोजक
राजश्व परामर्श समिती
सिरीजङ्घा गाउँपालिका

सिरीजङ्घा गाउँपालिकाको राजश्व परामर्श समिती मिति २०७४।०५।११ को बैठकले स्थानीय तहमा प्राप्त हुन सक्ने कुल आयको प्रक्षेपण र सोको सन्तुलित विवरणको खाका तय गर्न विविध सम्बन्धित विषयमा व्यापक छलफल ग-यो। उक्त छलफललाई वृहत, व्यापक र अर्थपुर्ण बनाउन साथै विधिवत प्रक्रियालाई अवलम्बन गर्न विभिन्न कानुनु, नियम, दिग्दर्शन तथा प्रचलित मान्यतालाई अवलम्वन गरियो। यस प्रतिवेदन तयार गरि श्रोत निर्धारण तथा बजेट सीमा निर्धारण समितीलाई ठोस सुझाव, राय, सल्लाह तथा विचारहरु पेश गर्न साथै समग्र आ.व. २०७४/०७५ को बजेट तर्जुमा गर्न सहयोग पु-याउने हेतुले मुलतः स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धि दिग्दर्शन, २०७४ द्वारा मार्गनिर्देशित गरिएका चरणहरु सारांश अनुशरण गरियो। यस प्रतिवेदन तयार गर्दा सिरीजङ्घा गाउँपालिकाको राजश्व परामर्श समिती मिति २०७४।०५।११ को बैठकले पारित गरी सिफारिस गरेको राजश्व सम्बन्धी नीति, राजश्व उठ्ने आधार, करका दरहरु एवं आ.व. २०७४/०७५ को लागि आन्तरिक राजश्वको अनुमान समेतको व्यहोरा विवरण यस प्रतिवेदनले समेट्ने कोशिस गरेको छ।

**राजश्व परामर्श समितीको काम, कर्तव्य र अधिकारः**

- राजश्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिचालनका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने।
- राजश्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुने सक्ने राजश्वको अनुमान गर्ने ।
- राजश्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्दन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्बन गर्न परामर्श दिने।
- कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरि सिफारिस गर्ने।
- राजश्व प्रशासन सुधारका लागि अन्य आवश्यक सुझावहरु पेश गर्ने।

**नीतीहरुः**

- करका दायराहरु विस्तार गर्दै लैजाने तर जनतालाई सहुलियत हुने गरि कम गर्दै लैजान प्रगतिशील र न्यायपुर्ण कर प्रणाली बनाईने छ।
- अनुसुची १ देखि १३ सम्मका विषयहरु अन्तर्गतका राजश्वहरु अनिवार्य संकलन गरि श्रोत परिचालनलाई समतामुलक, प्रगतिशील र न्यायपुर्ण बनाईने छ।
- मालपोत, घर धुरी लगायतका कर शुल्क तोकिएको समयमा नतिर्ने सेवाग्राहीलाई अनिवार्य तिर्न लगाई रसिद प्रमाण पेश गरे पश्चात मात्र गाउँपालिका तथा वडा कार्यालयबाट सेवा सुविधा प्रदान गरिने छ।

- जुनसुकै व्यवसाय अब उप्रान्त दर्ता गरेपश्चात मात्र संचालन गर्नु पर्ने छ। यस अघि बिना दर्ता संचालित व्यवसायहरुले समेत अबिलम्ब रुपमा तोकिएको मिती भित्र दर्ता गरिसक्नु पर्ने छ।
- बेग्ला बेग्लै प्रकृतीका व्यवसाय बेग्ला बेग्लै व्यवसाय दर्ता गरि संचालन गरिनु पर्छ। उदारहणः मदिराजन्य तथा सुर्तिजन्य पदार्थहरुको पसल अन्य पसल भन्दा बेग्लै राखी संचालन गरिनु पर्छ।
- करका आवश्यकता र महत्व, करको निर्धारण पश्चात कर निर्धारित समयमै तिर्न प्रोत्साहन गर्न विविध जनचेतना मुलक, सहकार्यमुलक कार्यक्रम संचालन गरिने छ।
- वित्तीय अनुशासनलाई कडाईका साथ परिपालना गरिने छ साथै वित्तीय अनुसन्धान कार्यलाई अंगिकार गर्दै वित्तीय जोखिम न्युनिकरण गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ अगाडी बढाईने छ।
- स्थायी तथा दिगो र आर्थिक रुपले सम्पन्न स्थानीय तह निर्माण गर्न एवं आगामी आर्थिक वर्षमा थप करका संभावित स्रोतहरुको पहिचान गर्ने नीति अवलम्बन गरिने छ।
- कर संकलनका अभियानहरु संचालन गरिनेछन भने विभिन्न सरोकारवालाहरुसँग साझेदारी गर्दै समिक्षा तथा पुनरावलोकन गर्दै थप सुधार गर्दै लगिने छ।

**कर उठ्ने आधारहरुः**

- सेवा लिए पछि शुल्क तिर्नु पर्छ भन्ने जनभावना जागृत हुनु।
- राजश्व तिरी स्थानीय तह विकास निर्माणमा योगदान पु-याई सामाजिक प्रतिष्ठा अभिवृद्दि हुनु।
- समयमै बढी कर तिरी सम्मानित हुने अवसर प्राप्त हुनु।
- अनिवार्य कर राज्यलाई तिर्नु पर्ने व्यवस्था भए बमोजिम समयमै तिरी अनावश्यक जरिवानाबाट जोगिनु।
- राष्ट्रिय तथा स्थानीय स्तरिय करका आवश्यकता तथा महत्व सम्बन्धी विषयहरु सु-सूचित गर्दै साझेदारीमा आधारित जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनु।
- राज्य प्रतिको अपनत्व भावना वृद्दि हुनु।
- आर्थिक तथा वित्तीय जिम्मेवारी तथा अनुशासन बहन गर्ने क्षमता वृद्दी हुँदै जानु।
- राज्यद्वारा अख्तियार गरिएका कानुन, ऐन, नियम, कार्यबिधी, निर्देशिका अनुशरण गर्दै जानु।
- कर तिर्नु सबैको दायित्व हो भन्ने भावना हुनु।

**सिफारिस भएका करका दरहरुः**

यस सिरीजङ्घा गाउँपालिकामा चालु आ.व. २०७४/०७५ भित्र लागु हुने करको सिफारिस दर, दस्तुर, शुल्क तथा करहरु उल्लेखित अनुसुचि १ देखि १३ सम्म व्यवस्था भए बमोजिम हुनेछ।

**प्रक्षेपित कुल आन्तरिक राजश्व अनुमानः**

यस सिरीजङ्घा गाउँपालिकाले चालु आ.व. २०७४/०७५ को लागि कुल रु. १६,२०,०००।— (अक्षरेपी रु. सोह्र लाख बीस हजार मात्र) आन्तरिक आय प्राप्त गर्न सक्ने आँकलन गरिएको छ। शिर्षकगत आन्तरिक राजश्वको विवरण अनुसुची १४ अनुसार रहने छ। *साथै उक्त शिर्षकगत आन्तरिक राजश्वको विवरण अन्तर्गतका विषयहरु तत्काल यस गाउँपाललिकामा व्यवस्था नभएपनि आगामी दिनमा विकसित हुने संभावनालाई मध्यनजर गर्दै त्सस्ता विषयहरुलाई समेत सम्बोधन गर्ने गरि यो प्रतिवेदन तयार पारिएको छ। स्मरणः रहोस प्रक्षेपित कुल आन्तरिक आयमा त्यस्ता विषयहरुको अनुमानित आम्दानी जोडिएको छैन।*

**कर, शूल्क तथा दस्तुर संकलन सम्बन्धि कार्यविधीः**

यस सिरीजङ्घा गाउँपालिकामा चालु आ.व. २०७४/०७५ भित्र लागु हुने सिफारिस भएका दर, दस्तुर, शुल्क तथा करहरु उल्लेखित अनुसुचि १ देखि १३ सम्म व्यवस्था भए बमोजिम उक्त दर, दस्तुर, शुल्क तथा करहरु यस गाउँपालिका बुझाउने प्रक्रिया, स्थान, सम्बन्धित पक्ष तथा समयावधि अनुसुचि १५ मा व्यवस्था भए बमोजिम हुनेछ।

**कर छुटः**

यस सिरीजङ्घा गाउँपालिका अन्तर्गत कर तिर्नु पर्ने दायित्व भएका व्यक्ति वा संघ/संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

## अनुसूची १

घर जग्गा (घर धुरी) करको दर (बार्षिक)

| क्र.स. | बिवरण | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १ | दुई वा सो भन्दा बढी तला भएको पक्की घर | १०००.०० | |
| २ | एक तले पक्की घर | ६००.०० | |
| ३ | अर्ध पक्की घर | ५००.०० | |
| ४ | जस्ताको छानो भएको घर | २००.०० | |
| ५ | टाईलको छानो भएको घर | १००.०० | |
| ६ | खर वा परालको छानो भएको घर | ५०.०० | |

## अनुसूची २

भूमी कर (मालपोत) दर

| क्र.स. | बिबरण | खेत (प्रति रोपनी) | बारी (प्रति रोपनी) | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल | -- | -- | |
| २ | दोयम | -- | -- | |
| ३ | सिम | ३.०० | २.०० | |
| ४ | चाहार | २.०० | २.०० | |
| ६ | घडेरी प्रयोजनमा प्रयोग भईरहेको जग्गा | प्रति आना रू. १५०।- | | |

**नोटः- १. अतिरिक्त कर सम्बन्धमा**

- कूल जग्गा ५ रोपनी भन्दा कम भएमा एक मुष्ट ५ तिर्नु पर्नेछ । साथै रू. ५ भन्दा कमको रसिद काटिने छैन ।
- ५ रोपनी वा सो भन्दा बढी ३० रोपनीसम्म जग्गा भएमा अन्य थप कर लाग्ने छैन ।
- ३० रोपनी भन्दा बढि ५० रोपनी सम्म जग्गा भएमा मालपोत लाग्ने करको अतिरिक्त थप २०% कर लाग्नेछ ।
- ५० रोपनी भन्दा बढी ८० रोपनीसम्म जग्गा भएमा थप ३०% अतिरिक्त कर लाग्ने छ ।
- ८० रोपनी भन्दा बढी १०० रोपनी सम्म जग्गा भएमा थप ४०% अतिरिक्त कर लाग्नेछ ।
- १०० रोपनी भन्दा बढी जग्गा भएमा मालपोत लाग्ने करको अतिरिक्त थप ५०% कर लाग्नेछ।

**नोटः- २ जरीवाना सम्बन्धमा**

हरेक आ.व. को मालपोत सालवसाली रुपमा आ.व.. नसकिदै सम्बन्धित कर बुझाउनु पर्ने छ अन्यथा पहिलो बर्ष कर नबुझाएको भए जम्मा कर रकमको १०%।दोस्रो बर्ष कर नबुझाएको भए जम्मा कर रकमको २०%।तेस्रो बर्ष कर नबुझाएको भए जम्मा कर रकमको ३०%।चौथो बर्ष कर नबुझाएको भए जम्मा कर रकमको ४०%।पाचौ बर्ष कर नबुझाएको भए जम्मा कर रकमको ५०%।छैठौं बर्ष कर नबुझाएको भए जम्मा कर रकमको ६०%। सातौ बर्ष कर नबुझाएको भए जम्मा कर रकमको ७०%।आठौ बर्ष कर नबुझाएको भए जम्मा कर रकमको ८०%।नवौं बर्ष कर नबुझाएको भए जम्मा कर रकमको ९०%।दशौं बर्ष कर नबुझाएको भए जम्मा कर रकमको १००% र सो भन्दा बढी जतिसुकै बर्षको बक्यौता भए जम्मा करको १२५% जरिवाना लाग्ने छ ।

## अनुसूची ३

घर बहाल कर रेट

| क्र.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | भवन | भाडाको १०% | |
| २ | घर | भाडाको १०% | |
| ३ | पसल | भाडाको १०% | |
| ४ | ग्यारेज | भाडाको १०% | |
| ५ | जग्गा | भाडाको १०% | |
| ६ | गोदाम | भाडाको १०% | |
| ७ | टहरा | भाडाको १०% | |
| ८ | पोखरी | भाडाको १०% | |

# अनुसूची ४

व्यवसाय करको दर

| क्र.स. | व्यवसायको प्रकार | प्रकार | दर |
|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | १०००.०० |
| | | थोक | ००.०० |
| | | खुद्रा | ५००.०० |
| २ | चुरोट बिडि सुर्ती जन्य | वितरक | ००.०० |
| | | थोक | १०००.०० |
| | | खुद्रा | ५००.०० |
| ३ | हल्का पेय पदार्थ | वितरक | ००.०० |
| | | थोक | ५००.०० |
| | | खुद्रा | ३००.०० |
| ४ | सुनचाँदि पसल | थोक | ५००.०० |
| | | खुद्रा पसल र मर्मत | ५००.०० |
| ५ | औषधी पसल | वितरक | ००.०० |
| | | थोक | २००.०० |
| | | खुद्रा | १००.०० |
| ६ | माछा मासु विक्री पसल | | १५००.०० |
| ७ | आयुर्वेदिक औषधि पसल | | २००.०० |
| ८ | एग्रोभेट | थोक | ५००.०० |
| | | खुद्रा | २००.०० |
| ९ | स्टेस्टनरी तथा पुस्तक पसल | थोक | १०००.०० |
| | | खुद्रा | २०.०० |
| १० | छपाई तथा प्रकाशन | थोक | १०००.०० |
| | | खुद्रा | ३००.०० |
| ११ | ट्युसन, कोचिङ सेन्टर | | १०००.०० |
| १२ | कस्मेटिक पसल | | ५००.०० |
| १३ | मोटर पार्टस | थोक | ५००.०० |
| | | खुद्रा | २००.०० |

| क्र.स. | व्यवसायको प्रकार | प्रकार | दर |
|---|---|---|---|
| १४ | मोटरसाईकल, गाडि मर्मत सेन्टर | | २०००.०० |
| १५ | प्लाई तथा ग्लास | थोक | ५००.०० |
| | | खुद्रा | २००.०० |
| १६ | कपडा/फेन्सी/जुत्ता चप्पल/ब्याग पसल | थोक | १०००.०० |
| | | खुद्रा | ५००.०० |
| १७ | धागो टाँक पसल | थोक | ३००.०० |
| | | खुद्रा | २००.०० |
| १८ | इलेक्ट्रोनिक्स पसल ( मोबाईल, घडी, क्याल्कुलेटर, अडियो, भिडियो आदि) | थोक | ५००.०० |
| | | खुद्रा | ३००.०० |
| १९ | हार्डवेयर, मेशिनरी, स्यानीटरी, मार्बल पसल | थोक | १०००.०० |
| | | खुद्रा | ५००.०० |
| २० | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | २०००.०० |
| | | पेट्रोल बिक्रि केन्द्र | १०००.०० |
| | | ग्यास सिलिन्डर सब सेन्टर | १०००.०० |
| | | मट्टितेल मात्र बिक्रि | ५००.०० |
| २१ | स्टिल अलुमिनियम पसल | थोक | १०००.०० |
| | | खुद्रा | ५००.०० |
| २२ | फर्निचर | थोक | १०००.०० |
| | | खुद्रा | ५००.०० |
| २३ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | ५००.०० |
| २४ | कपडा कटाई सिलाई | टेलरिङ आधुनिक | ५००.०० |
| | | हाते मेसिन | ३००.०० |
| २५ | स्नुकर तथा पुल हाउस | | ००.०० |
| २६ | क्यारेम बोर्ड | | ३००.०० |
| २७ | पशु आहार बिक्रि केन्द्र | | १०००.०० |
| २८ | किराना पसल | | ५००.०० |

| क्र.सं. | व्यवसायको प्रकार | प्रकार | दर |
|---|---|---|---|
| २९ | चिया नास्ता पसल | | ५००.०० |
| ३० | होटल (खाने बस्ने सुविधा भएको) | | १०००.०० |
| ३१ | फलफुल तरकारी पसल | | ५००.०० |
| ३२ | उपहार, गिफ्ट, खेलौना पसल | | ३००.०० |
| ३३ | भाँडा पसल ( स्टिल, प्लाष्टिक, आल्मुनियम सबैथरी) | | १०००.०० |
| ३४ | माटाको भाँडा पसल | | ५००.०० |
| ३५ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसारी सेवा | चिकित्सक | १०००.०० |
| | | कन्सल्टेन्ट, मोबाईल ईन्जिनियरिङ | १०००.०० |
| | | कानुन व्यवसायी ल फर्म | १०००.०० |
| | | लेखापरिक्षण व्यवसायी | ५००.०० |
| | | दन्त चिकित्सक | ५००.०० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | ५००.०० |
| | | पशु चिकित्सक डाक्टर | ५००.०० |
| | | रोजगार सेवा | ३००.०० |
| ३६ | ढुवानी तथा ट्रान्सपोर्ट | | ५००.०० |
| ३७ | पेन्टर, साईनबोर्ड लेख्ने | | ५००.०० |
| ३८ | खोटो व्यवसायी | | ५००.०० |
| ३९ | जग्गा व्यवसायी | | ५००.०० |
| ४० | निर्माण व्यवसायी | | ५००.०० |
| ४१ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | २००.०० |

उद्योग व्यवसाय तर्फ

| क्र.स. | विवरण | विस्तृत विवरण | ५ लाख सम्म | १५ लाख सम्म | १५ लाख भन्दा बढी |
|---|---|---|---|---|---|
| १ | ग्रिल उद्योग | | २०००.०० | ३०००.०० | ५०००.०० |
| २ | जुत्ता उद्योग | | २००.०० | ३००.०० | ५००.०० |
| ३ | घरेलु कुटिर उद्योग (अगरबत्ती, मैनबत्ती, टिकिम अचार तथा अन्य कुटिर) | | २००.०० | ३००.०० | ५००.०० |
| ४ | कपडा तथा गार्मेन्ट पसल | | ५००.०० | ८००.०० | १०००.०० |
| ५ | सिरक डसना उद्योग पसल | | १०००.०० | १५००.०० | २०००.०० |
| ६ | कुटानी पिसानी, मिल | | ५००.०० | ८००.०० | १०००.०० |
| ७ | मसला मिल | | २००.०० | ३००.०० | ५००.०० |
| | यदि मसला मिल रहेको मिल बाटै कुटानी पिसानी मिल छ भने कुटानी पिसानी मिलकै व्यवसाय कर लाग्ने छ। | | | | |
| ८ | डेरी उद्योग व्यवसाय | | २०००.०० | ३०००.०० | ४५००.०० |
| ९ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज, नुडल्स | १०००.०० | १५००.०० | ३०००.०० |
| | | दालमोठ, पाउरोटि, चाउमीन | ५००.०० | १५००.०० | ३०००.०० |
| | | पापड, चिप्स, फिंगर | ५००.०० | १५००.०० | ३०००.०० |
| १० | वनजन्य उद्योग | स मिल प्लाईउड | २०००.०० | ३०००.०० | ४०००.०० |
| | | काठ बिक्री दिपो | १०००.०० | २०००.०० | ४०००.०० |
| १३ | क्रसर कंक्रिट इट्टा भट्ट उद्योग | | २०००.०० | ४०००.०० | ६०००.०० |
| १४ | ढाका टोपी पस्मिना उद्योग | | १०००.०० | २०००.०० | ३०००.०० |

| क्र. स. | विवरण | विस्तृत विवरण | ५ लाख सम्म | १५ लाख सम्म | १५ लाख भन्दा बढी |
|---|---|---|---|---|---|
| १५ | सुर्ति जन्य उद्योग | | १०००.०० | २०००.०० | ४०००.०० |
| १६ | होटल लज रेष्टुरेन्ट | होटल र लज | २०००.०० | ३०००.०० | ४०००.०० |
| | | भोजनालय | १०००.०० | २०००.०० | ३०००.०० |
| | | मिठाई पसल | ५००.०० | १०००.०० | २०००.०० |
| | | पार्टी प्यालेस | १०००.०० | २०००.०० | ३०००.०० |
| | | रेष्टुरेन्ट बार | २०००.०० | ३०००.०० | ४०००.०० |
| | | चिया र खाजा पसल | ५००.०० | १०००.०० | २०००.०० |
| | | खाजा, नास्ता पसल (मदिरा सहित) | २०००.०० | ३०००.०० | ५०००.०० |
| १७ | टेन्ट हाउस | | २०००.०० | ३०००.०० | ४०००.०० |

सेवा उद्योग तर्फ

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | सञ्चार | एफ एम प्रसारण | २०००.०० | |
| | | केबुल प्रसारण च्यानल | २०००.०० | |
| | | पत्र पत्रिका प्रकाशन सेवा | १०००.०० | |
| | | फोटोकपी, पी.ओ.सि. साईबर तथा क्याफे | २०००.०० | |
| | | कुरियर सेवा | १०००.०० | |
| | | कलर ल्याब फोटोस्टुडियो | २०००.०० | |
| २ | वित्तीय | वाणिज्य बैंक प्रति शाखा/केन्द्रिय कार्यलय | २०००.०० | |
| | | विकास बैंक प्रति शाखा/केन्द्रिय कार्यलय | २०००.०० | |
| | | फाईनान्स कम्पनी शाखा/केन्द्रिय कार्यलय | २०००.०० | |
| | | वित्तिय/ऋण सहकारी संस्था | २०००.०० | |
| | | मनी ट्रान्सफर | १०००.०० | |
| | | विमा कम्पनी | १०००.०० | |
| | | लघु बित्त | १०००.०० | |

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| ३ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २०००.०० | |
| | | क्लिनिक तथा ल्याब | १०००.०० | |
| | | चस्मा पसल | १०००.०० | |
| ४ | शिक्षा सेवा निजी | क्याम्पस | | |
| | | माव/उमावि | | |
| | | मावि (निजी) | १०००.०० | |
| | | आधारभुत (निजी) | १०००.०० | |
| | | प्राविधिक (निजी) | १०००.०० | |
| | | छात्राबास (निजी) | ५००.०० | |
| | | मन्टेसरी (निजी) | १०००.०० | |
| | | पुर्व प्राथमिक (निजी) | ५००.०० | |
| | | ट्युशन सेन्दर (निजी) | १०००.०० | |
| | | कम्प्युटर/नृत्य कला सिकाई सेन्टर | ५००.०० | |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १०००.०० | |
| ५ | मर्मत सम्भार | टायर ट्युव मर्मत, रिसोलिङग, हावा भर्ने | १०००.०० | |
| | | ईन्जिन मर्मत | १०००.०० | |
| | | डेन्टिङग, पेन्टिङ्ग | १०००.०० | |
| | | टि.भी., फ्रिज, मोटर, पङ्खा, रेडियो, घडि, जेनेरेटर, कम्प्युटर, मोबाईल (ईलेक्ट्रोनिक) | १०००.०० | |
| | | मोटरसाईकल मर्मत | १०००.०० | |
| | | बस, ट्याक्सी लगायतका सवरी साधन मर्मत | २०००.०० | |
| | | अन्य विविध मर्मत | १०००.०० | |
| ६ | ड्राई क्लनिंङ, ब्युटि पार्लर तथा सैलुन | | १०००.०० | |
| ७ | फुल विरुवा पसल | | ५००.०० | |
| ८ | गैर सरकारी संस्था | राष्ट्रिय | १०००.०० | |
| | | अन्तराष्ट्रिय | २०००.०० | |

## अनुसूची ५

जडिबुटी, कवाडि र जीवजन्तु करको दर

| क्र.सं. | विवरण | दर (प्रति मन) रु.मा | कैफियत |
|---|---|---|---|
| १ | चिराईतो | | |
| २ | अलैची | | |
| ३ | अम्रिसो | | |
| ४ | अन्य प्रकृती हेरी निर्धारण गरिनेछ | | |
| नोट; जिल्ला समन्वय समिती, ताप्लेजुङद्वारा आगामी जिल्लाको सम्पुर्ण अलैचीको ठेक्का आर्थिक वर्ष २०७४/०७५ को लागि दिईसकेको। यद्दपी आगामी आर्थिक वर्षको राजश्व बाँडफाड आम्दामी तर्फ यस सिरीजङ्गा गाउँपालिकालाई करिब रु. ५ लाख भन्दा बढी प्राप्त हुने प्रारम्भिक अनुमान। प्रादेशिक सरकारको निर्णयमा भर पर्ने गरी पछि निर्धारण गरिनेछ। | | | |

## अनुसूची ६

सवारी साधन कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन कर | बस, ट्रक, लरी र हेभि गाडि | १०,०००.०० | |
| | | भाडाका कार जिप | ५०००.०० | |
| | | निजी कार, जीप, मयुरी | ५०००.०० | |
| | | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधन | ३०००.०० | |
| | | ठेल गाडा तथा रिक्सा | ५००.०० | |

सवारी साधनमा पटके कर

| क्र.सं. | सडक | दर | | | कैफियत |
|---|---|---|---|---|---|
| | | ट्याक्सी | बस | ह्याभी ठुला गाडी | |
| १ | तेल्लोक — बिर्तामोड | ३०.०० | ५०.०० | ८०.०० | |
| २ | तेल्लोक — फावाखोला | २०.०० | ३०.०० | ५०.०० | |
| ३ | तेल्लोक — फुङलिङ | २०.०० | ३०.०० | ५०.०० | |

## अनुसूची ७

विज्ञापन कर

| क्र.सं. | प्रकार | दररेट वार्षिक | कैफियत |
|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले | | |
| २ | पर्खाल बार भित्ता आदिमा पोतिएको प्रतिवर्ग फुट | | |
| ३ | सार्वजनिक स्थलमा | | |
| ४ | पोल व्यानर | | |
| ५ | गाडीमा गरिने | | |
| ६ | आकाशमा गरिने | | |
| ७ | खेलकुद मैदानमा | | |
| ८ | साईनबोर्ड प्रति वर्ग फुट | | |

नोटः विज्ञापन कर सम्बन्धी दररेट पछि निर्धारण गरिनेछ।

## अनुसूची ८

मनोरञ्जन करको दर

| क्र.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | मेला महोत्सव | २०००.०० | |
| नोटः अन्य मनोरञ्जनका दायरा र करको दर पछि निर्धारण गरिनेछ। | | | |

## अनुसूची ९

बहाल बिटौरी शुल्क दर

| क्र.सं. | विवरण | विस्तृत विवरण | मासिक दररेट |
|---|---|---|---|
| १ | बहाल बिटौरी कर | टहरो छाप्रो मासिक | १०००.०० |
| | | घुम्ती मासिक | ५००.०० |
| | | ठेला मासिक | २००.०० |
| अन्य बहाल बिटौरी र शुल्कको दर पछि निर्धारण गरिनेछ। | | | |

## अनुसूची १०

पार्किङ शुल्क दर

| क्र.सं. | विवरण | विस्तृत विवरण | प्रतिदिन |
|---|---|---|---|
| १ | पार्किङ शुल्क प्रतिदिन | बस, ट्रक, लरी, हेभी, गाडी, टयाक्ट्रर, जीप | १०००.०० |
| | | मोटरसाईकल, ठेला, गाडा, अटो रिक्सा | ५००.०० |
| | | अन्य साधन | ३००.०० |

## अनुसूची ११

ट्रेकिङ, कायोकिङ, क्यानोईङ, बन्जिजम्पिङ, जिपफ्ल्यायर र -याफ्टिङ शुल्क दर

| क्र.सं. | विस्तृत विवरण | वार्षिक दर रेट |
|---|---|---|
| | ट्रेकिङ, कायोकिङ, क्यानोईङ, बन्जिजम्पिङ, जिपफ्ल्यायर र —याफ्टिङ | |
| ट्रेकिङ, कायोकिङ, क्यानोईङ, बन्जिजम्पिङ, जिपफ्ल्यायर र -याफ्टिङ शुल्क दर सम्बन्धी व्यवस्था पछि निर्धारण गरिनेछ। | | |

# अनुसूची १२

## सेवा शुल्क सम्बन्धी दररेट

| सिफारिस र प्रमाणित | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
| १ | निवेदन | | १०.०० |
| २ | घरजग्गा नामसारी सिफरिस | ५ रोपनी सम्म | १००.०० |
| | | ५ देखि १० रोपनी सम्म | १५०.०० |
| | | १० देखि २० रोपनी सम्म | २००.०० |
| | | २० देखि ३० रोपनी सम्म | २५०.०० |
| | | ३० देखि ४० रोपनी सम्म | ३००.०० |
| | | ४० देखि ५० रोपनी सम्म | ३५०.०० |
| | | ५० रोपनी भन्दा माथि | ५००.०० |
| | उदारहणः ठिक १० रोपनी छ भने दस्तुर रु. १५०.०० लाग्नेछ। | | |
| ३ | मोहि कट्टा सिफारिस | १ रोपनी सम्मको | |
| | | १ रोपनी भन्दा माथिको | |
| ४ | घर कायम सिफरीस | पक्की घर प्रति वर्ग) फिट( | १०००.०० |
| | | कच्ची घर प्रति वर्ग) फिट( | ५००.०० |
| ५ | सरजमिन सिफारिस दस्तुर | | १०००.०० |
| ६ | छात्रवृती सिफारिस | | १००.०० |
| ७ | सनाखत सिफारिस | | १००.०० |
| ८ | विपन्नअसहाय/ विद्यार्थी सिफारिस | | १००.०० |
| ९ | अपाङगता भएको सिफारिस | | १००.०० |
| १० | हात हतियार नविकरण सिफारिस | | २००.०० |
| ११ | अस्थाई बसोबास सिफारिस | | २००.०० |
| १२ | स्थायी बसोबास सिफारिस | | २००.०० |
| १३ | नागरिकता सिफारिस/प्रतिलिपी | वंशज | १००.०० |
| | | अंगिकृत | २००.०० |
| १४ | नाम, थर र जन्म मिती संशोधन सिफारिस | | २००.०० |

| सिफारिस र प्रमाणित | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
| १५ | विद्युत जडान सिफारिस | | २००.०० |
| १६ | किताकाट गर्न सिफारिस | | २००.०० |
| १७ | धारा जडान सिफारिस | | २००.०० |
| १८ | जीवित रहेको सिफारिस | | २००.०० |
| १९ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने | | २००.०० |
| | वा फरक जन्ममिति संशोधन सिफारिस | | २००.०० |
| २० | व्यवसाय बन्द सिफारिस | | २००.०० |
| २१ | बहाल करको लेखा जोखा सिफारिस | | १००.०० |
| २२ | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्ने सिफारिस | | १००.०० |
| २३ | पुर्जामा घर कायम गर्ने सिफारिस | | २००.०० |
| २४ | नामसारी गर्ने सिफारिस | | ३००.०० |
| २५ | जग्गाको हक सम्बन्धी सिफारिस | | २००.०० |
| २६ | धनी पुर्जामा घरजग्गा सिफारिस | | २००.०० |
| २७ | जग्गा सम्बन्धी अन्य सिफारिस | पुर्जा विवरण संशोधन | २००.०० |
| | | पुर्जा हराएको | ५००.०० |
| २८ | व्यवसाय संचालन नभएको सिफारिस | | ५००.०० |
| २९ | व्यापार व्यवसाय नभएको सिफारिस | | ५००.०० |
| ३० | कोर्ट फि मिनाहा सिफारिस | | ५००.०० |
| ३१ | नाबालाक परिचय पत्र सिफारिस | | १००.०० |
| ३२ | चौपाया सम्बन्धी सिफारिस | | ५००.०० |
| ३३ | व्यवसाय दर्ता सिफारिस | | ५००.०० |
| ३४ | उद्योग ठाउँसारी सिफारिस | | ५००.०० |
| ३५ | विद्यालय ठाउँसारी सिफारिस | | ५००.०० |
| ३६ | आन्तरिक बसाईसराफ सिफारिस | | २००.०० |
| ३७ | विद्यालय संचालन स्वीकृती कक्षा वृद्दी सिफारिस | | १०००.०० |
| ३८ | व्यक्तिगत विवरण सिफारिस / नवीकरण सिफारिस | | २००.०० |

| सिफारिस र प्रमाणित | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
| ३९ | जग्गा दर्ता सिफारिस | | ५००.०० |
| ४० | संरक्षक सिफारिस व्यक्तिगत | | २००.०० |
| ४१ | संरक्षक सिफारिस संस्थागत | | ५००.०० |
| ४२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | ५००.०० |
| ४३ | कोठा खोल्न रोहवरमा बस्ने सिफारिस | | २००.०० |
| ४४ | स्वास्थ्य उपचारको सिफारिस | निशुल्क उपचारः | ००.०० |
| | | सशुल्क उपचार | २००.०० |
| ४५ | संस्था दर्ता सिफारिस | | १०००.०० |
| ४६ | जग्गा धनीपुर्जा हराएको सिफारिस | | ५००.०० |
| ४७ | जीवित सँगको नाता प्रमाणित | | २००.०० |
| ४८ | मृतक सँगको नाता प्रमाणित | | २००.०० |
| ४९ | आर्थिक अवस्था सम्पन्नता वा बलियो प्रमाणित | | १०००.०० |
| ५० | आर्थिक अवस्था कमवोर वा विपन्नता प्रमाणित | | २००.०० |
| ५१ | जग्गा मुल्याङ्कन सिफारिस | | ५००.०० |
| ५२ | पेन्सन सम्बन्धी सिफारिस | पेन्सन नामसारी | २००.०० |
| | | परिवार विवरण नामसारी | २००.०० |
| | | रहल पेन्सन जीवित सिफारिस | २००.०० |
| ५३ | चारकिल्ला प्रमाणित | १० रोपनी सम्म | २००.०० |
| | | २० रोपनी सम्म | ३००.०० |
| | | ३० रोपनी सम्म | ४००.०० |
| | | ३० रोपनी भन्दा बढी | ५००.०० |
| ५४ | जन्म/मृत्यु प्रमाणित | | २००.०० |
| ५५ | जन्म मिति प्रमाणित | | २००.०० |
| ५६ | व्यक्तिगत विवरण प्रमाणित | | २००.०० |
| ५७ | संरक्षक प्रमाणित | | २००.०० |
| ५८ | विवाह प्रमाणित | | २००.०० |

| सिफारिस र प्रमाणित | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
| ५९ | घर पाताल प्रमाणित | | २००.०० |
| ६० | कागज वा मञ्जुरिनामा प्रमाणित | | १००.०० |
| ६१ | हकवाला वा हकदार प्रमाणित | | २००.०० |
| ६२ | घर सम्पन्न सिफारिसप्रमाणित/ | | २००.०० |
| ६३ | अविवाहित प्रमाणित | | २००.०० |
| ६४ | अपुताली सिफारिस | | २००.०० |
| ६५ | आदिवासी, जनजाती, दलित, अल्पसंख्यक, मुस्लिम, मधेसी, पिछडिएको वर्ग सिफारिस प्रमाणित | | १००.०० |
| ६६ | अन्य सिफारिस वा प्रमाणित | | २००.०० |
| ६७ | घर सार्ने तथा नीजी वनको काठ सिफारिस | एक तले घरको काठ | ३००.०० |
| | | दुई वा सो भन्दा बढी तले घरको काठ | ५००.०० |
| | | गोलिया काठ प्रति ट्रक | २०००.०० |
| | | गोलिया काठ प्रति टयाक्टर | १५००.०० |
| | | दाउरा प्रति ट्रक | ५००.०० |
| | | दाउरा प्रति ट्याक्टर | ५००.०० |
| | | रुख प्रति गोटा | ३००.०० |
| ६८ | घर नक्सा दस्तुर | पक्कि घर | १०००.०० |
| | | कच्ची घर | ५००.०० |
| ६९ | नक्सा पास निवेदन दस्तुर | | १००.०० |
| ७० | दण्ड सजाय | पञ्जिकरण विलम्ब शुल्क | ५०.०० |
| | | पञ्जिकरण सेवा शुल्क | ५०.०० |
| | | ३५ दिन भित्रको घट्ना दर्तामा कुनै किसिमको शुल्क लाग्ने छैन। | ००.०० |
| ७१ | सरसफाई शुल्क | मासिक | २०.०० |
| | | सरसफाई कार्डको | २००.०० |

| सिफारिस र प्रमाणित | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
| ७२ | सरसफाई सम्बन्धी पुर्वाधार पछि बन्ने छ। | | |
| ७३ | घर खाली गराउँदा प्रतिदिन | | ००.०० |
| ७४ | माथि उल्लिखित सिफारिस वा प्रमाणितको **प्रतिलिपी** आवश्यक परेमा। | | ५००.०० |
| ७५ | माथि उल्लेखित सिफारिस तथा प्रमाणित कागजात **अंग्रजी भाषामा** आवश्यक परेमा । | | ५००.०० |
| ७६ | कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा **प्रतिपाना** दस्तुर लाग्नेछ। | | ५०.०० |

| | | | |
|---|---|---|---|
| | **दर्ता शुल्क** | | |
| १ | जन्म दर्ता | | २००.०० |
| २ | मृत्यु दर्ता | | २००.०० |
| ३ | बसाई सराई दर्ता | | २००.०० |
| ४ | सम्बन्ध विच्छेद दर्ता | | २००.०० |
| ५ | विवाह दर्ता | | २००.०० |
| ६ | नयाँ व्यवसाय दर्ता | १ लाख सम्मको | २००.०० |
| | | १ लाख देखि ५ लाख सम्मको | ५००.०० |
| | | ५ लाख देखि २० लाख सम्मको | १०००.०० |
| | | २० लाखदेखि माथि | ५०००.०० |
| ७ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २००.०० |

| सिफारिस र प्रमाणित | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
| ८ | व्यवसाय नवीकरण | १ लाख सम्मको | १००.०० |
| | | १ लाख देखि ५ लाख सम्मको | २५०.०० |
| | | ५ लाख देखि २० लाख सम्मको | ५००.०० |
| | | २० लाख देखि माथि | २५००.०० |
| ९ | श्रोत परिचालन | | |
| | गाउँपालिका हल प्रतिदिन | भाडा | १०००.०० |
| | गाउँपालिका हल प्रतिदिन (बिजुली, प्रोजेक्टर सहित) | भाडा | १५००.०० |
| | वडापालिका हल प्रतिदिन | भाडा | ५००.०० |
| | वडापालिका हल प्रतिदिन (बिजुली, प्रोजेक्टर सहित) | भाडा | १०००.०० |

## अनुसूची १३

पर्यटन शुल्क दर रेट

| क्र.सं. | पर्यटक किसिम | दररेट डलरमा | कैफियत |
|---|---|---|---|
| १ | सार्क भित्रका | | |
| २ | एसिया भित्रका | | |
| ३ | अन्य मुलुकका | | |
| पर्यटन शुल्क दर रेट सम्बन्धी व्यवस्था पछि निर्धारण गरिनेछ। | | | |

## अनुसूची १४

शीर्षकगत आन्तरिक स्रोत विवरण

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | सम्पत्ति कर | ५,००,०००.०० |
| २ | भुमि कर (मालपोत) | ४,००,०००.०० |
| ३ | घर बहाल कर | ५०,०००.०० |
| ४ | व्यवसाय कर | १,५०,०००.०० |
| ५ | जडिबुटि, कवाडि र जीवजन्तु कर | ००.०० |
| ६ | सवारी साधन कर | २०,०००.०० |
| ७ | विज्ञापन कर | ००.०० |
| ८ | मनोरञ्जन कर | ००.०० |
| ९ | बहाल बिटौरी कर | ००.०० |
| १० | पार्किङ शुल्क | ००.०० |
| ११ | ट्रेकिङ लगायतको शुल्क | ००.०० |
| १२ | सेवा शुल्क (दस्तुर) | ५,००,०००.०० |
| १३ | पर्यटन शुल्क | ००.०० |
| | जम्मा | १६,२०,०००.०० |

# अनुसूची १५

कर, शूल्क तथा दस्तुर संकलन सम्बन्धि कार्यविधी

| क्र.सं | करको विवरण | कसले तिर्ने | कहाँ तिर्ने | कति तिर्ने | कहिले तिर्ने |
|---|---|---|---|---|---|
| १ | सम्पत्ति कर | घरधनी | वडा कार्यालय | नियमानुसार | असोज मसान्त सम्म |
| २ | भुमि कर (मालपोत) | घरधनी वा सम्झौता अनुसार | वडा कार्यालय | नियमानुसार | असोज मसान्त सम्म |
| ३ | घर बहाल कर | जग्गा धनी | वडा कार्यालय | नियमानुसार | असोज मसान्त सम्म |
| ४ | व्यवसाय कर | व्यवसायी | वडा कार्यालय | नियमानुसार | असोज मसान्त सम्म |
| ५ | जडिबुटि, कवाडि र जीवजन्तु कर | निकासीकर्ता | वडा कार्यालय | नियमानुसार | असोज मसान्त सम्म |
| ६ | सवारी साधन कर | सवारी धनी | वडा कार्यालय | नियमानुसार | दर्ता नविकरण गर्दा |
| ७ | विज्ञापन कर | सम्बन्धित | गाउँपालिकको कार्यालय | नियमानुसार | असोज मसान्त सम्म |
| ८ | मनोरञ्जन कर | सेवा प्रदायक | वडा कार्यालय | नियमानुसार | असोज मसान्त सम्म |
| ९ | बहाल बिटौरी कर | सम्बन्धित | वडा कार्यालय | नियमानुसार | सेवा प्राप्त गर्दा |
| १० | पार्किङ शुल्क | पार्किङ गर्नेले | गाउँपालिकको कार्यालय | नियमानुसार | पार्किङ हुँदा |
| ११ | ट्रेकिङ लगायतको शुल्क | सेवा प्रदायक | गाउँपालिकको कार्यालय | नियमानुसार | असोज मसान्त सम्म |
| १२ | सेवा शुल्क (दस्तुर) | सेवाग्राही | वडा कार्यालय | नियमानुसार | सेवा पाउन वित्तिकै |
| १३ | पर्यटन शुल्क | पर्यटक | गाउँपालिकको कार्यालय | नियमानुसार | प्रवेश गर्दा |

**<u>राजश्व प्रशासनका लागि केहि सुझावहरुः</u>**

- यस सिरीजङ्घा गाउँपालिकाको राजश्व वृद्दीका लागि थप करका दायराहरु अध्ययन गरिनुपर्ने।
- "कर तिर्ने कार्य बाध्यात्मक होईन, कर्तव्य र दायित्व हो।" भन्ने भावना जागृत गराउनु पर्ने।
- कर संकलनको अवस्था हेरी राजश्व नीतिलाई समयसापेक्ष संशोधन तथा अद्यावधिक गर्दै लैजानु पर्ने।
- निर्धारण गरिएका कर शुल्क तथा दस्तुरहरु संकलनको लागि वडास्तरबाटै वडासमिती नियमीत कार्यक्रमा मार्फत लागु गर्नु पर्ने।
- सूचना र सहुलियतको माध्यमबाट स्वयं कर प्रणालीलाई प्रवर्द्दन गर्ने नीति अखितयार गर्नुपर्ने।
- द्विविधात्मक रहेका विषयहरुमा आवश्यक छलफल गरी यथाशिघ्र वैज्ञानिक ढंगबाट समाधान तथा संबोधन गरिनु पर्ने।
- राष्ट्रिय तथा स्थानीय स्तरिय करका आवश्यकता तथा महत्व सम्बन्धी सु-सूचित गर्ने साझेदारीमा आधारित जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने।
- आर्थिक तथा वित्तीय जिम्मेवारी तथा अनुशासन बहन गर्ने क्रियाकलाप संचालन गर्नुपर्ने।
- करका दायरा फराकिला गर्ने तर सहुलियतपुर्ण एवं लोकप्रिय कर प्रणाली लागु गर्न उद्दत रहने।
- सिरीजङ्घा गाउँपालिकाको आन्तरिक आम्दानी वृद्दीका लागि यस गाउँपालिकाका नागरिक, व्यवसायी, बुद्दिजीवि एवं अन्य सम्बन्धित करदाताहरुसँग नियमीत समन्वय, सहकार्य तथा राय सल्लाह निरन्तर लिईराख्ने।

**धन्यवाद।।।**